नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
२०७९/०८० अङ्क-८ विद्यालय शिक्षा सम्बन्धी गतिविधि-६२ (पूर्णाङ्क २६७)

# अस्थायी शिक्षकले पाउने सेवा सुविधा (Golden Handshake) सम्बन्धी सूचना।

**श्री शिक्षा विकास तथा समन्वय इकाई,** **सूचना जारी मिति : २०७९।०९।०६**
**७७ वटै।**

प्रस्तुत विषयमा २०७३ साल असार १५ गतेसम्म अस्थायी शिक्षकको रूपमा अविछिन्न कार्यरत रही शिक्षा ऐन २०२८ (संसोधन सहित) को दफा ११ (च) को उपदफा ९ अनुसार सुविधा प्राप्त गर्ने गरी उक्त ऐनको दफा ११ (च) को उपदफा १० बमोजिम स्वतः अवकास भएका शिक्षकहरूका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७४ / १२ / ११ को सचिवस्तरीय निर्णय बमोजिम विगत विभिन्न मितिमा सूचना प्रकाशित भई सो सूचनाको आधारमा तत्कालीन अस्थायी शिक्षकहरूले सेवा सुविधा (न्यमिभल ज्बलमकजबपभ) प्राप्त गरिसकेको सन्दर्भमा जानकारी नपाएको र सम्पर्कमा नआएको कारण अझैपनि उक्त ऐन बमोजिमको सुविधा लिन केही शिक्षकहरू छुट भएको भनी केही शिक्षा विकास तथा समन्वय इकाई, सम्बन्धित अस्थायी शिक्षकहरू तथा शिक्षक महासंघ समेतबाट जानकारी प्राप्त भई सोही ऐन बमोजिम सुविधा दिन माग भई आएको। उक्त मागको आधारमा शिक्षा ऐन २०२८ (संशोधन सहित) को दफा ११ च को उपदफा ९ बमोजिमको सुविधा प्राप्त गर्न आधार पूरा भएका र उपदफा १० बमोजिम स्वतः अवकास भएका अस्थायी शिक्षकहरूमध्ये यस अघिको सूचना अनुसार जानकारी नपाएका र सम्पर्कमा नआएका कारण निवेदन दिन छुट भएका देहाय बमोजिमका अस्थायी शिक्षकहरूले सोही ऐन बमोजिमको सेवा सुविधा (न्यमिभल ज्बलमकजबपभ) प्राप्त गर्नका लागि तत्कालीन प्रावधान बमोजिमको निम्न आवश्यक कागजात सहितको फाइल सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाई मार्फत ३० (तीस) दिनभित्र राष्ट्रिय किताबखाना (शिक्षक) मा पेश गर्न सकिने गरी मिति २०७९/०६/ १२ को मा. मन्त्रीस्तरीय निर्णयानुसार व्यवस्था गरिएको व्यहोरा अनुरोध छ।

उक्त सुविधाका लागि निवेदन दिने शिक्षकहरूको आवश्यक कागजात सहितको विवरण तोकिएको अवधिभित्रै रूजु तथा प्रमाणित गर्ने कार्य तहाँबाट गरिदिनुहुन समेत निर्देशनानुसार अनुरोध छ। तपसिल

१. **निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरू:**

क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
ख) सम्बन्धित तहको शैक्षिक योग्यताको प्रमाणपत्र,
ग) सम्बन्धित तहको नियुक्ति पत्र र समर्थन पत्र/अभिलेखिकरण पत्र,
घ) सरूवा भएको भए सरूवा पत्र, रमाना पत्र र हाजिर भएको जानकारी पत्र,
ङ) विस्थापित भई पुनः सोही वा तल्लो पदमा पुनः स्थापित भए विस्थापित हुँदाको र पुनः स्थापित हुँदाको पत्र,
च) इकाई प्रमुखले सम्बत् २०७३ असार १५ गतेसम्म सम्बन्धित तहमा अविछिन्नरूपमा कार्यरत रहेको भन्ने समेतको सेवा अवधि प्रमाणित गरिदिएको पत्र,
छ) सञ्चित विरामी बिदाको प्रमाणित पत्र,
ज) नजिकको हकवालाको नागरिकताको प्रमाणित प्रतिलिपि,

२ **सुविधा प्रदान गर्ने प्रयोजनका लागि अस्थायी सेवा गणना गर्ने आधार**

क) शुद्ध रिक्त दरवन्दीमा अस्थायी नियुक्ति पाई अविछिन्न रूपमा कार्यरत भई परीक्षाको आवेदन दिने अन्तिम मितिसम्म हुन आउने अवधि,
ख) पहिले तल्लो तहमा अस्थायी नियुक्ति पाई पछि माथिल्लो तहको अस्थायी शिक्षकमा पुनः नियुक्ति लिई कार्यरत रहेकाको हकमा सेवा अवधि अविछिन्न रहेको भए माथिल्लो तहको परीक्षाको आवेदन दिने अन्तिम मिति सम्मको) पछिल्लो सर्वे सेवा अवधि र तल्लो तहको कार्य गरेको सेवा अवधिमध्ये बिस वर्षलाई नपुग हुनेसम्मको सेवा अवधि गणना गर्ने र सुविधा प्रदान गरिंदा सम्बन्धित तहको अवधिको सम्बन्धित तहको प्रचलित स्केलबाट हिसाव गरी प्रदान गर्ने तथा पहिले माथिल्लो तहमा अस्थायी नियुक्ति पाई पछि तल्लो तहको अस्थायी शिक्षकमा पुनः नियुक्ति लिई कार्यरत रहेको हकमा सेवा अविछिन्न रहेको भए पछिल्लो तहको परीक्षाको आवेदन दिने अन्तिम मितिसम्मको सबै सेवा अवधि र पहिलेको माथिल्लो तहको कार्य गरेको सेवा अवधिमध्ये विस वर्ष सेवा अवधिलाई नपुग हुने अवधिसम्मको सेवा अवधि गणना गर्ने र सुविधा प्रदान गरिंदा सम्बन्धित तहको अवधिको सम्बन्धित तहको प्रचलित स्केलबाट हिसाब गरी प्रदान गर्ने,
ग) आधारभूत तथा प्राथमिक महिला शिक्षा परियोजना अन्तर्गतको दरबन्दीमा अस्थायी नियुक्ति पाई अस्थायी रूपमा निरन्तर कार्यरत रहेकोमा नियुक्ति मितिदेखि परीक्षाको आवेदन दिने अन्तिम मितिसम्मको अवधि, घ) स्वीकृत प्राप्त दरबन्दीको लियन पदमा अस्थायी नियुक्ति पाई निरन्तर कार्यरत रहेकोमा नियुक्ति मितिदेखि परीक्षाको आवेदन दिने अन्तिम मितिसम्मको अवधि,
ङ) स्रोतव्यक्ति पदमा नियुक्त शिक्षकको लियन पदमा अस्थायी नियुक्ति भई कार्यरत शिक्षकको हकमा नियुक्ति मितिदेखि परीक्षाको आवेदन दिने अन्तिम मितिसम्मको अवधि,
च) स्थायी शिक्षकको पदपूर्तिको कारणबाट मिति २०७३/०३/१५ पछि विस्थापित सट्टा वा अस्थायी शिक्षकको हकमा नियुक्ति पाई विस्थापित भएको मितिसम्मको निरन्तर सेवा अवधि,
छ) उमेर हदका कारण अस्थायी शिक्षक पदबाट २०७३/०३/१५ पछि अवकास प्राप्त गरेकाको हकमा स्वीकृत दरबन्दी वा स्वीकृत दरबन्दीको लियन वा सट्टामा अस्थायी नियुक्ति पाएको मितिदेखि उमेर हदबाट अवकास भएको मितिसम्मको निरन्तर सेवा अवधि,
ज) स्वीकृत दरबन्दी वा स्वीकृत दरबन्दीको लियन वा सट्टामा अस्थायी नियुक्ति पाई मिति २०७३/०३/१५ सम्म कार्यरत रही तत्पश्चात राजिनामा दिएका वा मृत्यु भएका शिक्षकको हकमा स्वीकृत दरबन्दी वा स्वीकृत दरबन्दीको लियन वा सट्टामा अस्थायी नियुक्ति पाएको मितिदेखि राजिनामा स्वीकृत भएको मिति वा मृत्यु भएको मितिसम्मको निरन्तर सेवा अवधि,
झ) अस्थायी स्रोतव्यक्तिको रूपमा नियुक्ति पाई अविछिन्न रूपमा कार्यरत स्रोतव्यक्तिको हकमा अस्थायी नियुक्ति पाएदेखि परीक्षाको आवेदन दिने अन्तिम मितिसम्मको अवधि,

यसरी सेवा प्रमाणित गर्दा गलत विवरण प्रमाणित गरेको भन्ने प्रमाणित भएमा विभागीय कारवाही हुने हुँदा अभिलेखसंग भिडाई मात्र गर्नुपर्ने साथै अस्थायी शिक्षकको सेवा सुविधा सम्बन्धमा इकाईले सिफारिस गर्ने ढाँचाको नमूना र अस्थायी शिक्षकले सेवा सुविधा प्राप्त गर्न संलग्न गर्नुपर्ने कागजातहरूको विवरणको सूची समेत यसैसाथ संलग्न छ।

**फारामको नमूना**

**नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**शिक्षा विकास तथा समन्वय इकाई**
**जिल्ला** ....................................

**मिति :** ................................

**श्री राष्ट्रिय किताबखाना (शिक्षक),**
**ताहाचल, काठमाडौं।**

शिक्षा ऐन २०२८ (संशोधन सहित) को दफा ११च को उपदफा ( ९ ) मा भएको व्यवस्था बमोजिम सुविधा पाउने गरी विद्यालय शिक्षा सेवाबाट अवकाश भएका शिक्षकको देहाय बमोजिमको व्यहोरा प्रमाणित गरी निज/निजको हकवालालाई नियमानुसार पाउने सुविधा प्रदान हुन सिफारिस गर्दछु।

१. शिक्षकको नाम थर : सम्पर्क नं. :
२. जन्ममिति :
३. स्थायी ठेगाना :
४. विद्यालयको नाम र ठेगाना :
५. तह (प्राथमिक/निम्नमाध्यमिक/माध्यमिक)
६. जन्ममिति :
७. नागरिकता नं. : जारी जिल्ला : जारी मिति :
८. अस्थायी सेवा सम्बन्धी विवरण :
क) आयोगको विज्ञापनमा दरखास्त दिने अन्तिम मिति २०७४ साल ०८ महिना ०३ गते
ख) शिक्षक पदमा अस्थायी सुरू नियुक्ति मिति : ........................साल............ वर्ष...................महिना.............................गते
ग) सुविधा पाउन योग्य जम्मा सेवा अवधि (क–ख):.................. वर्ष..........................महिना.......................................दिन

**नोट** : खण्ड 'क' को मिति अगावै उमेर हदका कारण अवकाश/राजिनामा वा मृत्यु भएको कारणबाट सेवामा नरहेको भए सोही मिति खण्ड 'क' मा उल्लेख गर्ने।

९. संचित बिरामी बिदाको विवरण (विस्तृत विवरण संलग्न छ।
क) अस्थायी सेवा अवधि भरमा पाकेको बिरामी बिदा जम्मा दिन
ख) सेवा अवधि भरमा खर्च भएको बिरामी बिदा जम्मा दिन
(ग) सेवा अवधिमा संचित भएको बिरामी बिदा जम्मा दिन
१०. बरबुझारथ भएको छ/छैन : --------------
११. हकवाला व्यक्तिको नाम : -----------------------------------नाता-----------------------ठेगाना

**अस्थायी शिक्षकले सेवा सुविधा प्राप्त गर्न संलग्न गर्नुपर्ने कागजातहरू**

१. अस्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि।
२. क) जिल्ला शिक्षा कार्यालयको तत्कालीन समर्थन पत्र वा सो कार्यालयले गरेको अभिलेखीकरण
ख) माथि (क) मा उल्लेखित कागजातहरू नभएमा इकाई प्रमुखबाट व्यहोरा प्रमाणित तत्कालीन तलबी भरपाई, इकाई प्रमुखबाट नेपाल सरकारको स्वीकृत दरबन्दीमा कार्यरत रहेको व्यहोरा उल्लेख भएको पत्र।
३. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।
४. नागरिकताको प्रमाणित प्रतिलिपि।
५. सरूवा/ रमाना पत्रका प्रमाणित प्रतिलिपिहरू।
६. सरूवा भएको भए तत्कालीन रमाना पत्रमा बिदा उल्लेख भएको हुनुपर्ने र यदि रमाना पत्रमा बिदा उल्लेख नभएमा तत्कालीन विदा खुल्ने प्रमाणित अभिलेख (वि.नि. बाट प्रमाणित बिदाको अभिलेख।
७. तोकिएको ढाँचामा सम्बन्धित प्र.अ./ स्थानीय तह शिक्षा शाखा प्रमुख/इकाई प्रमुखबाट बिदा प्रमाणित कागजात।
८. आयोगको परीक्षामा फाराम भरेको भए प्रवेश पत्रको प्रमाणित प्रतिलिपि, नभरेको भए सुविधाको लागि दिएको निवेदन पत्र।
९. सेवा अवधि प्रमाणित पत्र।
१०. बरबुझारथ गरेको पत्र।
११. अवकाश पत्र।
१२. सम्पूर्ण कागजातहरूमा इकाई प्रमुखबाट व्यहोरा प्रमाणित भएको हुनुपर्ने।
१३. मृतक शिक्षकको हकमा माथि उल्लेखित कागजातहरूको अतिरिक्त तपसिलका कागजातहरू पेश गर्नु पर्नेछः
क) मृत्यु दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
ख) नाता प्रमाणित पत्रको प्रमाणित प्रतिलिपि।
ग) हकवालाको नागरिकताको प्रमाणित प्रतिलिपि।

नोट :
(क) सेवा अवधिभरमा प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक गरी फरक फरक तहमा अविछिन्न सेवा गरेको भए सो खुल्ने गरी छुट्टाछुट्टै फाराम भरी सो अनुसारको प्रमाणित कागजात एउटै फाइलमा पठाउने। (ख) शिक्षा विकास तथा समन्वय इकाईले जिल्लाका सेवा सुविधा दिन योग्य सम्पूर्ण अस्थायी शिक्षकहरूको समष्टिगत विवरण निम्नलिखित ढाँचामा पठाउने

| सि. नं. | शिक्षकको नामथर | विद्यालयको नाम | तह | नियुक्ति मिति | अस्थायी सेवा अवधि | सुविधा बापत हुन आउने एकमुष्ट रकम | संचित बिदामा बिदा दिन | संचित बिदा बापत हुन आउने रकम | कुल पाउने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

## दिवा खाजा व्यवस्थापन सहजीकरण लागि सबै स्थानीय तहमा अनुरोध।

नेपाल सरकारको आर्थिक वर्ष २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सामुदायिक विद्यालयका प्रारम्भिक बालविकासदेखि कक्षा ६ सम्म अध्ययनरत तीस लाखभन्दा बढी विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम सञ्चालन भइरहेको छ। संघीय सरकारबाट वार्षिक रूपमा ९ अरबभन्दा बढी बजेट स्थानीय तहमा वित्तीय हस्तान्तरण हुने यस कार्यक्रमका लागि कतिपय स्थानीय तहबाट थप बजेट व्यवस्थापन गरी उत्साहजनक रूपमा कार्यक्रम सञ्चालन भइरहेको छ। केही विद्यालयहरूमा दिवा खाजा व्यवस्थापन सन्तोषजनक हुन नसकेको र केही स्थानीय तहबाट बजेट निकासा नभएकाले दिवा खाजा प्रभावित भएको भन्ने गुनासो यस केन्द्रमा प्राप्त भएको छ। विद्यार्थीका लागि दिवा खाजा उपलब्ध गराउन देहाय अनुसारको व्यवस्था मिलाउन अनुरोध छ।

**क. दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएको जङ्क फुड नखुवाउने। सकेसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न, तरकारी, दुध, दही, माछा–मास, फलफूल लगायतका सामग्रीहरूबाट ताजा र पोषिलो दिवा खाजा खुवाउने व्यवस्था मिलाउने।**

**ख. दिवा खाजाको व्यवस्थापनमा हालसम्म भएको अभ्यासका विषयमा समिक्षा गर्न र प्रभावकारी दिवा खाजाको विषयमा निर्णय गर्न स्थानीय तहले शिक्षा स्वास्थ्य कृषिसँग सम्बन्धित शाखा प्रमुख र सबै प्रधानाध्यापकको संयुक्त बैठक राख्ने र स्थानीय तहभित्रका विद्यालयहरूमा एकरूपता कायम हुने गरी दिवा खाजाको मेनु तयारी र खाजा व्यवस्थापन विधिको छनोट गर्ने। खाजा व्यवस्थापन गर्दा सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६ मा उल्लिखित मापदण्ड बमोजिम हुनेगरी विद्यालयकै सहयोगी कर्मचारीबाट वा अभिभावकहरू विशेषतः आमा समूह बनाएर वा नियमित Canteen बाट वा विद्यालय बाहिरबाट क्याटरिङको व्यवस्था गरेर वा स्थानीय तहले पहिचान गरेको अन्य मोडेलबाट खाजा खुवाउने व्यवस्था मिलाउने।**

**ग. खाजाको व्यवस्थापनका लागि संघीय सरकारबाट सशर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरित रकम (साविकको कर्णाली अञ्चलका मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाका स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु. २०।– का दरले तथा अन्य स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु. १५।– का दरले) अपर्याप्त भएमा स्थानीय तहले थप स्रोतको व्यवस्थापन गर्न एवं विद्यालयका अभिभावक/गैरसरकारी संघ/संस्थासँग वा अन्य निकायसँग लागत साझेदारी गर्ने व्यवस्था मिलाउने।**

**घ. अध्ययनरत विद्यार्थी सङ्ख्याका आधारमा बढी भीडभाड नहुने गरी विद्यालयले खाजा समय तोक्ने।**

**ङ. विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने। सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने। उक्त निरीक्षण पुस्तिकामा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवं कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्तिले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था मिलाउने।**

**च. विश्व खाद्य कार्यक्रम अन्तर्गत विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन भइरहेका जिल्लाका दार्चुला, बझाङ, बाजुरा र अछामका विद्यालयहरूमा तोकिएका विद्यार्थीहरूका लागि उक्त संस्थाको मापदण्ड अनुसार सबै विद्यार्थीहरूलाई दिवा खाजा उपलब्ध भए नभएको अनुगमनको व्यवस्था मिलाउने।**

## टेलिभिजनबाट श्रव्यदृश्य पाठ प्रसारण सम्बन्धी सूचना

विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तकमा आधारित भई यस केन्द्रबाट उत्पादन गरिएका कक्षा ८ र ७ का विषयगत श्रव्यदृश्य पाठहरू हरेक दिन विहान ५:४५ बजेदेखि ७:०० बजेसम्म र कक्षा ६ र ४ का श्रव्यदृश्य पाठहरू बिहान ७:४५ बजेदेखि ९:०० बजेसम्म प्रसारण गरिँदै आइएकोमा यही कात्तिक २० गतेदेखि कक्षा ८, ७, ६ र ४ का श्रव्यदृश्य पाठहरू बिहान ६:०० बजेदेखि ८:३० बजेसम्म २ घन्टा ३० मिनेट लगातार प्रसारण गरिने र कक्षा १,२ र ३ का श्रव्यदृश्य पाठहरू साविककै समय अपरान्ह ४:३० बजेदेखि ५:४५ बजेसम्म र कक्षा ९ र १० का श्रव्यदृश्य पाठहरू पनि साविककै समय साँझ ५:४५ बजेदेखि ७:०० बजेसम्म शनिबारबाहेक हरेक दिन नेपाल टेलिभिजनको NTV+ च्यानलबाट प्रसारण गरिने छन्। यसरी प्रसारण गरिने श्रव्यदृश्य पाठहरूबाट विद्यार्थीहरूले फाइदा लिन सक्ने वातावरण बनाई दिनुहुन सम्पूर्ण अभिभावक, शिक्षक तथा सम्बन्धित सरोकारवालाहरू समक्ष अनुरोध छ। साथै सबै विद्यार्थीले उक्त पाठहरू हेरी लाभ लिनुहुन अनुरोध गरिन्छ।

श्रव्यदृश्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेबसाइट cehrd.gov.np मा हेर्न सकिने छ। कक्षा १ देखि १० सम्मका श्रव्यदृश्य पाठहरू केन्द्रको Youtube Channel: www.youtube.com/ncedvirtual बाट आफ्नो अनुकूल समयमा आवश्यकता अनुसार पनि हेर्न सकिनेछ।

## आ.व. २०७९/०८० को अनुसन्धान तथा गुणस्तर शाखाको अनुसन्धान सम्बन्धी कार्यक्रमका लागि प्रस्ताव पेस गर्न इच्छुक संघ/संस्थाहरूलाई संस्था सुचिकृत हुने सम्बन्धको अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति : २०७९।९।४**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको आ.व. २०७९/०८० को अनुसन्धान तथा गुणस्तर शाखाबाट सम्पादन हुने अनुसन्धान कार्यका लागि अनुसन्धान गर्नुपर्ने भएकोले यस्ता विषयवस्तुसँग सम्बन्धित रहेर अनुसन्धान गर्न इच्छुक योग्य र अनुभवी संघ/संस्थाले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र सुचिकृत हुनका लागि यो सस्चना प्रकाशन गरिएको छ।

**सुचिकृत गर्नुपर्ने कागजातहरू**

१. **संस्था दर्ताको प्रमाणपत्र,**
२. **संस्थाको पान नं. भ्याट दर्ताको प्रमाणपत्र।**
३. **आ.व. २०७९/८० को कर चुक्ताको प्रमाण पत्र।**
४. **संस्थाको प्रत्येक पेजमा संस्थाको आधिकारिक व्यक्तिको दस्तखत र संस्थाको छाप सहितको विवरण।**
५. **संस्था खरिद प्रक्रियामा भाग लिन अयोग्य नभएको स्वघोषणा।**
६. **यसभन्दा अगि कम्तीमा ५ वर्ष अनुसन्धानको कार्य अनुभवको प्रमाण।**
७. **संस्था दर्ता गर्दा संस्थाको विधानमा अनुसन्धानात्मक कार्य गर्ने भन्ने कुरा उल्लेख भएको हुनुपर्ने प्रमाण।**

## शैक्षिक रेडियो कार्यक्रम प्रसारण सम्बन्धी सूचना

शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाकर्मी र शैक्षिक सरोकारवाला सबैका लागि उपयोगी हुने शैक्षिक रेडियो कार्यक्रम हरेक मङ्गलबार र शनिबार बेलुका ७:२५ बजेदेखि १५ मिनेटसम्म रेडियो नेपालबाट प्रसारण गरिँदै आएको जानकारी गराइन्छ। शैक्षिक रेडियो कार्यक्रम निम्न बमोजिमका विषयहरूमा आधारित रही प्रसारण गरिने भएकाले नियमित रूपमा सुनिदिनुहुन सम्बन्धित सबैमा अनुरोध छ।

- प्रत्येक हप्ताको मङ्गलबार शैक्षिक सूचना तथा जानकारी, केन्द्रदेखि विद्यालय सम्मका समाचारमूलक गतिविधि, समसामयिक विषयमा परिसम्वाद तथा अन्तर्वार्ता, शैक्षिक नीति, योजना, कार्यक्रम, ऐन/ नियम, निर्देशिका, कार्यविधि र कार्यढाँचा सम्बन्धी जानकारी तथा कार्य प्रगति विवरण, लेख रचना र विद्यालय शिक्षाका असल अभ्यास समेटिएको स्थलगत रेडियो रिपोर्ट र शैक्षिक नाटक तथा छलफल जस्ता कार्यक्रम।
- प्रत्येक हप्ताको शनिबार शिक्षा सम्बन्धी विषयवस्तुमा आधारित लघुनाटक, नाटक, छलफल, सामाजिक, सांस्कृतिक पर्व, दिवस विशेष नाटक/छलफल, समसामयिक कुराकानी र सचेतनामूलक सन्देश आदि।

यस केन्द्रबाट प्रसारण गरिएका कार्यक्रमहरू केन्द्रको फेसबुक पेज www.facebook.com/radiodistance मा समेत सुन्न सकिने छ। कार्यक्रमका सम्बन्धमा केही सुझाव तथा प्रतिक्रिया भए हामीलाई इमेल ठेगाना radiodeol@gmail.com मा पठाउन सक्नुहुनेछ।

## शैक्षिक कार्यक्रम "शिक्षाको चौतारी" प्रसारण सम्बन्धी जानकारी

शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाकर्मी र शैक्षिक सरोकारवाला सबैका लागि उपयोगी हुने शैक्षिक कार्यक्रम "**शिक्षाको चौतारी**" हरेक मङ्गलबार बेलुकी ७:०० बजेदेखि ७:२५ बजेसम्म नेपाल टेलिभिजनको राष्ट्रिय च्यानलबाट प्रसारण भइरहेको जानकारी गराउँछौं। यस कार्यक्रममा नीति निर्माता, व्यवस्थापक र अनुसन्धानकर्ताहरू बिच समसामयिक शैक्षिक विषयमा परिसम्वाद तथा अन्तर्वार्ता र यसका साथै पालैपालो गरी सातै प्रदेश अन्तर्गतका जिल्लाहरूमा अवस्थित विभिन्न सामुदायिक विद्यालयहरू र शैक्षिक सङ्घसंस्थाका असल अभ्यास, सुधारका प्रयास, अनुसरणीय गतिविधि समेत प्रसारण भइरहेको छ। उक्त शिक्षाको चौतारी कार्यक्रम सम्बद्ध सबैले हेरी यसका सकारात्मक पक्षको अनुसरण/उपयोग/प्रयोग गर्नुहुन समेत सबैमा जानकारीका लागि अनुरोध छ।

यस कार्यक्रमका सम्बन्धमा यहाँहरूका केही सुझाव र प्रतिक्रिया भए हामीलाई इमेल मार्फत पठाउन सक्नुहुनेछ। हाम्रो इमेल ठेगाना हो radiodeol@gmail.com। साथै, यस कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउन रचनात्मक सुझावको समेत अपेक्षा गर्दछौं।